# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७५/१२/०५

## भाग-२

## सुर्यगढी गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/३/१२**

**सम्बत २०७४ सालको नियमावली नं : १**

# सुर्यगढी गाउँपालिका ब्यबसाय दर्ता कार्यविधि, २०७५

१. **संक्षिप्त नाम र प्रारम्भः** क. यस कार्यविधिको नाम “सुर्यगढी गाउँपालिका ब्यबसाय दर्ता कार्यविधि” रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “ब्यबसाय” भान्नाले सुर्यगढीगाउँपालिकाभित्र संचालन हुने वस्तु तथा सेवा प्रदान गरी नगद आय आर्जन गर्न सक्ने सबै किसिमका पेशा वा कारोबारलाई सम्झीनु पर्दछ ।

ख) “दर्ता” भन्नाले गाउँपालिका क्षेत्रभित्र संचालन भएका पेशा ब्यबसायलाइ गाउँपालिकाले अभिलेखिकरण गरी पेशा संचालन अनुमति दिनेकार्यलाइ बुझ्नु पर्दछ ।

ग) “नविकरण” भन्नाले ब्यबसाय दर्ता गरिसकेपछि हरेक आ.व. को सुरुमा गाउँपालिकाले निश्चित शुल्क लिइ पुनः १ वर्षको लागि दिइने अनुमतिलाइ बुझ्नु पर्दछ ।

घ) “आर्थिक ऐन” भन्नाले चालु आर्थिक वर्षको लागि सुर्यगढी गाउँपालिकाको गाउँसभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ ।

ङ) “गाउँपालिका” भन्नाले सुर्यगढी गाउँपालिकालाई सम्झनु पर्दछ ।

३. **दर्ता नगरी ब्यबसाय गर्न नहुनेः** गाउँपालिका क्षेत्रभित्र कुनैपनि ब्यबसाय दर्ता नगरी संचालन गर्न पाइनेछैन ।

४. **ब्यबसाय दर्ताः** क) ब्यबसाय दर्ताको लागि गाउँपालिकाले आफ्नो वडाभित्र रहेका ब्यबसायीहरुलाई व्यवसायको वर्गिकरण गरी दर्ता गर्नेछ र अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) ब्यबसायको बर्गिकरण गाउँपालिकाको आर्थिक ऐनले तोकेबमोजिम हुनेछ ।

ग) ब्यवासाय दर्ताको लागि तपशिल बमोजिमको कागजपत्र आवश्यक पर्नेछ ।

१. अनुसुचि २ बमोजिमको निबेदन ।

२. ब्यवशायिको नेपाली नागरिकताको प्रतिलिपि, बिदेशिको हकमा पासपोर्ट र नेपाल सरकारले ब्यबसाय संचालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि ।

३. २ प्रति फोटो ।

४. मु.अ.कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि ।

घ) सामुहिक ब्यबसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन ।

ङ) ब्यबसाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

**५. ब्यबसाय नविकरण तथा दण्ड जरिवाना** : क) गाउँपालिकाले हरेक आर्थिक वर्षमा दर्ता भएका ब्यबसायलाई नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसुचि ३ बमोजिमको ढाँचामा ब्यवशायिले निवेदन गाउँकार्यपालिकाको कार्यालयमा दिनुपर्नेछ र ब्यबसाय नविकरण आर्थिक वर्षको पहिलो ३ महिना सम्म गाउँकार्यपालिकाबाट नै हुनेछ ।

ग) व्यवशाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीए बमोजिम हुनेछ ।

घ) तोकिएको समय भित्र ब्यबसाय नविकरण नगर्ने ब्यबसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिइ नविकरण गरिनेछ ।

**६. ब्यबसाय बन्द गर्ने:** क) गाउँपालिकाभित्र दर्ता भएको ब्यबसाय बन्द भएमा वा बन्द गर्नु परेमा सम्बन्धित ब्यवसायीले अनुसुचि ४ बमोजिम निवेदन सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपसिलको अनुगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

अ) सम्बन्धित वडाध्यक्ष संयोजक

आ) सम्बन्धित वडाले तोकेको २ जना वडा सदस्य सदस्य

इ) सम्बन्धित वडाका वडा सचिव सदस्य सचिव

ग) सामितिबाट सिफारिस प्राप्त भएपछि सम्बन्धित वडाले सिफारिसको आधारमा ब्यबसाय दर्ता खारेज गर्नेछ ।

७. **सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्नेः** क) यस कार्यविधि बमोजिम गाउँपालिका भित्र दर्ता भएका ब्यबसायीहरु नेपाल सरकारले तोकेको अन्य निकायमा समेत दर्ता हुनुपर्नेछ ।

ख) यस कार्यविधि बमोजिम गाउँपालिकामा दर्ता भएका व्यवसाय संघीय कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुने छैन ।

अनुसूची १

# सुर्यगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, ३ नं. प्रदेश नेपाल

**व्यवसाय दर्ता प्रमाण-पत्र**

**प्रमाणपत्र संख्याःदर्ता नं.** | **जारी मितिः**

फोटो

१. व्यवसायीको नाम, थर :
२.व्यवसाय संचालन गर्ने स्थान :
३. व्यवसायीको ठेगाना :
स्थायी :
अस्थायी :
४.बाबुको नाम :

५.फर्मको नाम :
६.व्यवसायको किसिम :
७.व्यवसाय संचालन मिति :
८.स्वामित्व :
९.श्रेणी :
१०.लगानी पुँजी :

संचालकको दस्तखत | फाँटवालाको दस्तखत | प्रमाणित गर्नेको दस्तखत

**केही महत्वपूर्ण जानकारीहरु-**

१. यो प्रमाण पत्र आफनो व्यवसाय/पसलमा सबैले देख्ने गरी राख्नुपर्नेछ ।
२.पत्येक आ.व. का लागि कायम हुने व्यवसाय कर आषाढ मसान्त भित्र बुझाई प्रमाण पत्र नविकरण गर्नुपर्नेछ ।
३.व्यवसाय कर भुक्तानी नगरी बाँकी हुन आएमा नगर परिषद्ले पारित गरे अनुसार बिलम्ब शुल्क लाग्नेछ ।
४.नविकरण नगराई अस्थौंबा कायम हुन आएमा तोकिए बमोजिमको जरिवाना रकम भुक्तानी भए पछि मात्र पुनःनविकरण गर्न सकिनेछ ।
५.व्यवसाय कर भुक्तानी गर्न आउँदा यो प्रमाण-पत्र लिई आउनु पर्नेछ ।
६.व्यवसाय बन्द गर्दा वा गा.पा. बाहिर सार्दा लगत कट्टाका लागि गा.पा.मा जानकारी गराउनु पर्नेछ ।
७. व्यवसाय फर्मको नाम किसिम स्थान स्वामित्व आदि परिवर्तन वा संशोधन गर्दा गा.पा.लाई जानकारी दिनुपर्नेछ ।
८.यो प्रमाण-पत्र सुरक्षित साथ राख्नुपर्नेछ । हराए वा नासिएमा रु.५०/- भुक्तानी गरी प्रमाण-पत्रको प्रतिलिपी पुनःप्राप्त गर्न सकिनेछ ।
९.अन्य कुराहरु प्रचलितकानुन तथा ऐन अनुसार हुनेछ ।

# नविकरण विवरण

| नविकरण | | भुक्तानी विवरण रकम रु. | | | | | दस्तखत | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधि | राजस्व रकम | छुट | जरिवाना | जम्माभुक्तानी | रसिद नं. | फाँटवाला | अधिकृ |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट: प्रचलित ऐन नियम र सुर्यगढी गाउँपालिकाबाट समय-समयमा हुने निर्णय तथा निर्देशनका साथै देहायमा उल्लेखित नियमहरुको उपरोक्त अनुसारको व्यवसाय/फर्म सुर्यगढी गाउँपालिकाको कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्रप्रदानगरिएको छ ।

- यो प्रमाण-पत्रजारी गरिएको मितिले एक आर्थिक वर्षको लागि मान्य रहने र त्यसपछि हरेक वर्ष नविकरण गर्नुपर्नेछ ।

# अनुसूची २

सुर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट ।

विषयःव्यवसाय दर्ता गरि पाउँ ।

प्रस्तुत विषयमा मैले/हामीले यस सुर्यगढी गाउँपालिका वडा नं. .. मा सञ्चालन गर्न चाहेको तपिशल बमोजिमको व्यवसाय दर्ता गरिदिनु हुन निम्नानुसार कागजात संलग्न गरि यो निवेदन पेश गरेको/गरेका छु/छौ ।

**<u>दर्ता गर्न चाहेको व्यवसायको विवरणः—</u>**

१. व्यवसायीको नाम, थरः-
२. ठेगानाः-
   क) स्थायीः-
   ख) अस्थायीः-
३. नागरिकता प्रमाण पत्र नं. जारी मिति र जिल्लाः-
४. बाबुकोनाम
५. बाजे नामः-
६. स्वामित्वः-

| निजी | साझेदारी | सहकारी | कम्पनी | प्रा.लि | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

७. व्यवसायको मुख्य कारोबारः-
८. व्यवसाय शुरु मितिः-
९. व्यवसायको कुल पुँजीः-
१०। व्यवसाय संचालन गर्ने घर२जग्गाको स्वामित्वः

| निजी | भाडामा | अन्य |
|---|---|---|
| | | |

**<u>संलग्न प्रमाणहरुः—</u>**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. जग्गाधनि प्रमाण पूर्जा

३. करार नामा (भए पेश गर्ने ।)

<u>निवेदक</u>

दस्तखतः

नामः

ठेगानाः

**अनुसूचि ३**

मिति

सुर्यगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

चोकदे, नुवाकोट ।

विषयःव्यवसाय नविकरण गरि पाउँ ।

प्रस्तुत विषयमा यस सुर्यगढी गाउँपालिका अन्तरगत वडा नम्बर ... मा संचालन भएको दर्ता नम्बर ..................... मितिः ............................................ को मेरो/हाम्रो नाममा यस गाउँ कार्यपालिकामा दर्ता रहेको ............................................................................................................... नामको व्यवसाय नविकरण गरि दिनु हुन तपशिल बमोजिमको कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं ।

<u>संलग्न प्रमाणहरुः—</u>

१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. अघिल्लो आ.व.सम्मको लेखा परीक्षण प्रतिवेदन
३. कर चुक्ता प्रमाण

<u>निवेदक</u>

दस्तखतः

नामः

ठेगानाः

मितिः

# अनुसूचि ४

सुर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट ।

विषयः व्यवसाय बन्द गरि पाउँ ।

प्रस्तुत विषयमा यस सुर्यगढी गाउँपालिका अन्तरगत वडा नम्बर ......... मा संचालन भएको दर्ता नम्बर .................... मितिः ............................................ को मेरो/हाम्रो नाममा यस गाउँ कार्यपालिकामा दर्ता रहेको ................................................................................ नामको व्यवसाय बन्द भएकाले सो ब्यवसायको दर्ता खारेज गरिदिनुहुन तपशिल बमोजिमको कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु/छौं ।

<u>संलग्न प्रमाणहरुः–</u>

१. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

<u>निवेदक</u>
दस्तखतः
नामः
ठेगानाः
मितिः

आज्ञाले,

उत्तम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत